राष्ट्रिय वाणिज्य बैंक लि.
केन्द्रीय कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरवार प्लाजा, काठमाडौं

मिति : २०८०।०३।३१

## प्रेस विज्ञप्ति

# राष्ट्रिय वाणिज्य बैंकद्वारा ११ वटा शाखा विस्तार

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशको विभिन्न स्थानमा एघार वटा शाखा कार्यालय विस्तार गरेको छ । सिरहा जिल्ला स्थित शाखा कार्यालय **गोलबजार**, बैतडी जिल्ला स्थित शाखा कार्यालय **पाटन**, दार्चुला जिल्ला स्थित शाखा कार्यालय **गोकुलेश्वर** , मोरङ्ग जिल्ला स्थित शाखा कार्यालय **बिराटचोक**, मकवानपुर जिल्ला स्थित शाखा कार्यालय **सानोपोखरा,** ललितपुर जिल्ला स्थित शाखा कार्यालय **ग्वार्को** तथा **मंगलबजार,** सुर्खेत जिल्ला स्थित शाखा कार्यालय **छिन्चु,** कालिकोट जिल्ला स्थित शाखा कार्यालय **रास्कोट,** दैलेख जिल्ला स्थित शाखा कार्यालय **राकम कर्णाली** र स्याङजा जिल्ला स्थित शाखा कार्यालय **वालिङ्ग** को कारोबार शुभारम्भ गरिएको छ । यस पश्चात बैंकको देशभर २८२ वटा शाखा कार्यालय सञ्चालनमा आएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंकले कर्णाली प्रदेशमा मात्र ३ वटा शाखा कार्यालय सहित शहरी क्षेत्रमा शाखा सञ्चालन गरी प्राथमिकताका साथ आम नागरिकमा आधुनिक बैंकिङ्ग सेवा प्रवाह गरिरहेको बताउनुभयो ।

बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २८२ वटा शाखा कार्यालय, ६५ वटा एक्सटेन्सन काउन्टर, २६९ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग, QR Code सेवा, POS (Point of Sale) सेवा, Credit Card, Debit Card, Connect IPS, Smart QR Teller ( बिना चेक रकम झिक्न सकिने), ईन्टरनेट बैंकिङ, परिष्कृत रुपको मोवाईल बैंकिङ्ग तथा बिना ईन्टरनेट चल्ने USSD मोवाईल बैंकिङ्गका सेवाहरु समेत सञ्चालनमा रहेका छन ।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
शाखा कार्यालय गोकुलेश्वर
ATM
VISA


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
ATM
VISA